# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ असोज १२ गते

**आयोगद्वारा मानव अधिकार लगायत समसामयिक अवस्थाबारे नेपाल सरकारका सचिवहरुसँग छलफल ।**

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार र सो सँग सम्बन्धित समसामयिक अवस्थाबारे नेपाल सरकारका सचिवहरुसँग छलफल गरी जानकारी लिएको छ । आयोगका अध्यक्ष अनुप राज शर्मा, सदस्यहरु तथा सचिवको उपस्थितिमा गृह मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, परराष्ट्र मन्त्रालयका सचिवहरुसँग आयोगमा छलफल भएको हो ।

छलफलमा सिमा-नाकाहरुमा भइरहेको अवरोध, प्रदर्शन तथा पेट्रोलियम पदार्थ, औषधि लगायत दैनिक उपभोग्य वस्तुहरुको आपूर्ति व्यवस्थाको सम्बन्धमा नेपाल सरकारले गरिरहेको पहल, सुरक्षा व्यवस्था, कालो बजार नियन्त्रण लगायतका विषयमा तीन वटै मन्त्रालयका सचिवहरुसँग जानकारी लिइएको थियो ।

छलफलमा आयोगले राजनीतिक तथा कुटनीतिक पहलबाट समस्याको हल खोज्न आवश्यक रहेको सुझाव दिएको थियो । लामो समयदेखि आपूर्ति व्यवस्था प्रभावकारी हुन नसक्दा अस्पतालहरुमा जीवन रक्षाका लागि अत्यावश्यक औषधि लगायत वस्तुहरुको अभाव सिर्जना हुन लागेको तर्फ सचिवहरुलाई ध्यानाकर्षण गराइएको थियो ।

छलफलमा गृह मन्त्रालयका सचिव सूर्यप्रसाद सिलवाल, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव ङइन्द्रप्रसाद उपाध्याय र परराष्ट्र मन्त्रालयका निमित्त सचिव अर्जुनकान्त मैनालीको उपस्थिति रहेको थियो ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org